नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २२३ | २०७९ साल चैत २३ गते बिहीबार (6 Apr. 2023 Thursday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : आयोजना कार्यान्वयन प्रभावकारी. ३ पृष्ठमा : आर्थिक वृद्धिदर ४.१ र... ३ पृष्ठमा : पूर्वराष्ट्रपति ट्रम्पविरुद्धौतिस ...

# भैसीपालनमा बृद्धि गर्ने उद्देश्यले भैंसी प्रजनन् सम्बन्धी स्वास्थ शिविर




**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

भैसीमा देखिने समस्या र भैंसी पालनमा बृद्धि गर्ने उद्देश्यले सप्तरीको रुपनी गाउापालिकामा भैंसी प्रजनन् सम्बन्धी एक दिने स्वास्थ शिबिरको आयोजना गरिएको छ ।

रूपनी गाउपालिका वडा ६ स्थित चौधरीबस्तीमा बुधबार राष्ट्रिय भैंसी अनुसन्धान कार्यक्रम अन्तर्गत यस क्षेत्रको ५० वटा भैसीको स्वास्थ उपचारसँगै आबश्यक औषधी बितरण गरिएको गाउँपालिका अध्यक्ष दिनेश यादवले जानकारी दिए ।

उक्त शिविरमा अधिकांश भैसीमा पोषणको समस्या देखिएको र शरिरमा चाहिने मासु नभएको र खानपानमा उचित सन्तुलन नभएको एनबिआरपीका डा.पंकज झाले जानकारी दिए ।

भैंसी पालकहरूले समयमा औषधी उपचारसँगै आन्तरिक परिजिवी सम्बन्धी औषधी नदिएको पाईएकोले प्रजनन् सम्बन्धी समस्या हुने गरेको राष्ट्रिय भैसी अनुसन्धान कार्यक्रम तरहरा सुनसरीका प्रमुख पवन झाको भनाई छ ।

उनले उचित खानपिन र आबश्यक औषधी नपाउदा दूध उत्पादनमा कमि आउने गरेकोले भैंसी पालनमा आकर्षण बढाउन समुचित ब्यबस्था गर्नुपर्नेमा जोड दिए ।

प्रमुख झा अनुसार सुनसरी, सप्तरीको रूपनीसहित तिरहुतको डिमन, अग्नीसाईर कृष्णासबरण गाउँपालिकाको महुलीमा भैंसी स्वास्थ शिविर संचालन गर्दै आएको बताए ।

यस अघि पहिलो चरणमा भैसीपालकहरूलाई भैसीपालन सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी दोस्रो चरणमा प्रजनन् स्वास्थ शिविरको आयोजना गरेको प्रमुख झा बताउछन ।

सो अवसरमा भैसीहरूको उपचार पश्चात् रूपनी गाउपालिकाका अध्यक्ष यादबले कृषक/भैसीपालकहरूलाई भैसीका लागि चाहिने आबश्यक औषधी वितरण गरेका थिए ।

आई.एल.आर.आईको सहयोगमा तथा साईकृषी सहकारी संस्था रूपनी १ का अध्यक्ष तेज नारायण यादबको अगुवाईमा संचालित शिविरमा डा. शिवनाथ महतो, डा. पंकज झा, डा लिलाराम पाठक र डा. यनमनी नेपालले भैसिको उपचार गरेका थिए ।

# सवारी दुर्घटनामा एक बालिकासहित दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

सप्तरीमा बुधबार सवारी दुर्घटनामा परि एक बालिकासहित दुई जना घाइते भएका छन् ।

जिल्लाको रुपनी गाउँपालिका ५ औधोगिक क्षेत्रस्थित रुपनि राजबिराज सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ जादै गरेको पिकअपले साइकलयात्रीलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट साईकल यात्री बसपिट्टी निवासी ७२ वर्षिय हरि देव खंग घाइते भएका छन् । उनलाई ना.४ख.१७०४ नं.को टाटा पिकपले सोहि दिशा तर्फ जादै गरेको साईकललाई पछाडिबाट ठक्कर दिएको प्रहरीले जनाएको छ ।

घाइते खंगको स्थानिय युनिक अस्पताल रायपुरमा उपचार भईरहेको छ।यता ठक्कर दिने पिकप र चालकलाई प्रहरीले नियनत्रणमा लिएको तथा घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ पातोमामोटरसाइकलले ठक्कर दिदा ४ वर्षिया बालिका घाइते भएका छन् । उत्तरबाट दक्षिण तर्फ जादै गरेको स.७प.६३० न. को मोटरसाइकलले स्थानिय उमेश कुमार यादवकी ४ वर्षिया छोरी उन्नति कुमारी यादवलाई ठक्कर दिंदा घाइते भएक हुन् ।

उनको उमाकान्त कल्पना मेमोरियल अस्पताल पातोमा उपचार भईरहेको तथा फरार रहेका मोटरसाइकल चालक स्थानिय १६ वर्षिय रन्जित कुमार यादबको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# थ्रेसरमा गहु दाउने क्रममा कपाल बेरिएर महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

सप्तरीको खडक नगरपालिका ८ खेसाहामा बुधबार एक महिला थ्रेसरमा गहु दाउने क्रममा कपाल बेरिएर घाइते भएकी छिन् ।

स्थानिय गुदुर मियाँको ३५ वर्षिया श्रीमती मैहरुम खातुनले आफनै खेतमा गहु थ्रेसरमा दाउने क्रममा थ्रेसरको पटामा कपाल बेरिएर घाइते भएकी हुन् ।

घाइते भएकी उनलाई उपचारका लागी बिराटनगर लगिएको तथा प्रदेश २-०१-००१त.०२१५ नं.को ट्याक्टरसहित थ्रेसरलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विषादी सेवन गरेकी युवतीको उपचारका क्रममा मृत्यु, एक किशोरी बिरामी

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

सप्तरीमा दिनहुँ विषादी सेवनका घटना बढ्दै गइहरेको छ । यसै क्रममा विषादी सेवन गरेकी युवतीको उपचारका क्रममा मृत्यु भएको छ भने अर्की किशोरी बिरामी परेकी छिन् ।

राजबिराज नगरपालिका वडा नं ५ स्थित रन्जितपुरकी ३० वर्षिया अन्जु देवले नाम नखुलेको विषादी सेवन गर्दा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बिषादी सेबन गरि बिरामी भई छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार पश्चात् थप उपचारका क्रममा बुधबार उनको धरानमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै मंगलबार जिल्लाको शम्भुनाथ नगरपालिका ७ भगवतपुर बस्ने जगदिश सदाकी १६ वर्षिया छोरी पिंकी सदाले कपडा नकिनिदिएको विषयमा विषादी सेबन गरेकी छिन् ।

आफ्नै आमासँग कपडा नकिन दिएको बिषयलाई लिएर वादविवाद गरी मुसा मार्ने बिषादी सेवन गरेकी उनलाई सप्तरिषी अस्पताल लहानमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ ।

# थ्रेसरबाट आगलागि हुँदा गाइगोठ जल्यो

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

राजबिराज नगरपालिका १ डुमरीमा बुधबार थ्रेसरबाट गँहु चुटने क्रममा आगलागि हुँदा गाईगोठसहित गहुँ जलेर नष्ट भएको छ ।

स्थानिय चुलाई यादवको थ्रेसरबाट गँहु चुटने क्रममा आगोको झिल्कोले आगलगी हुदा उनको गोठ घर, दुई बोरा गहुँ र पराल गरी एक लाख पँचास हजार मुल्य बराबरको क्षति भएको पहरीले जनाएको छ ।

नेपाल प्रहरी, दमकल र स्थानियबासिको सहयोगमा आगोलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै मंगलबार राजबिराज वडा नं. ११ झल्ही निबासी हरेराम भगत मालीको टालमा अचानक आगलागी हुदा ४ वटा परालको टाल जलेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### महिला अस्मिता रक्षा र अधिकारको संरक्षण तर्फ अग्रसर होऔं

पाशविक मानसिकता भएकाहरु महिलालाई उपभोग्य बस्तु ठानेर बलात्कारका घटना बढाएका छन् । बेलाबखत विभिन्न निकायहरुबाट सार्वजनिक गरिने प्रतिवेदनमा समेत यस्ता घटनाका सम्बन्धमा उल्लेख भएको भेटिन्छ । बालिकादेखि वृद्धासम्म यस्ता घटनाका शिकार हुने गरेको घटना सार्वजनिक हुँदा हाम्रो समाज कति पाशविकतातिर लम्किरहेको छ भन्ने कुरा चित्रित गर्दछ ।

महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । तर, केही व्यभिचारीहरु र केही अन्यायीहरुले महिलालाई उपभोग्य बस्तु ठानि दिंदा समाजमा यस्ता निन्दनीय घटनाहरु हुने गरेका छन् । यस्ता घटनाले महिला जगतलाई आतंकित आउँछ भने सम्पूर्ण सभ्य समाज यस्ता कुकृत्यले स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक हो । नयाँ नेपालको सपना बोकेको हामी नेपाली यस्तो पाशविक युगमा अहिले पनि बाँचिरहेका छौं, जहाँ महिलाहरुलाई मानव भन्दा पनि उपभोग्य वस्तुका रुपमा बुझिरहेका छौं ।

बलात्कार वा बलात्कार प्रयासका घटना हाम्रा समाजको कलंकका रुपमा रहे झैं महिलालाई बोक्सीका नाममा, विधुवाका नाममा र यस्ता अनेकानेक घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुं जसो आइरहेका हुन्छन् । के साँच्चै हामी संवेदनशिल छौं त ? अधिकारका लागि लड्न हामी अगाडी आउनै पर्छ र यस्ता विषदन्त उखल्नै पर्छ ।

# आयोजना कार्यान्वयन प्रभावकारी बनाउन अर्थमन्त्रीसँग विश्व बैंक र एडिबीको आग्रह

काठमाडौँ, २२ चैत (रासस) ।

नेपालका दुई ठूला विकास साझेदार विश्व बैंक र एसियाली विकास बैंक (एडिबी) का प्रतिनिधिले अर्थमन्त्री डा प्रकाशशरण महतसँग छलफल गर्नुभएको छ ।

विश्व बैंकको टोलीले मङ्गलबार र एडिबीको टोलीले बुधबार बिहान उहाँसँग छलफल गरेको हो । छलफलका क्रममा ती दातृ निकायले नेपालमा लगानी गरेका विभिन्न आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न अर्थमन्त्रीसँग आग्रह गरेका छन् ।

"उहाँहरू नेपाललाई सहयोग गर्न उत्साहित हुनुहुन्छ, उहाँहरूको चाँसो र चिन्ता भनेको दिइएको सहयोग समयमा खर्च हुन सकेन भन्नेमा छ", बुधबार बिहान एडिबीका देशीय निर्देशक अर्नौड काउसिससँगको छलफलपछि राससंसँग प्रतिक्रिया दिँदै अर्थमन्त्री महतले भन्नुभयो, "आयोजनाको जग्गा अधिग्रहण (साइट क्लियरेन्स) समयमा नभएर समस्या भएको छ, त्यसकारण ठेक्का प्रक्रिया अघि बढ्न नसकेको र कामले गति लिन सकेको छैन भन्ने उहाँहरूको चासो छ ।"

छलफलका क्रममा नयाँ विकास आयोजना र कार्यक्रमबारे पनि छलफल भएको उहाँले बताउनुभयो । "उहाँहरूले विभिन्न क्षेत्रमा सहयोग गर्न चाहन्छौं भन्नुभएको छ, एसियाली विकास बैंकले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना र विश्व बैंकले माथिल्लो अरुण जलाशययुक्त जलविद्युत् आयोजनामा चासो देखाइरहेका छन्, त्यस्तै सडक आयोजनाहरूमा पनि बजेटरी सहयोगका लागि उनीहरूको चासो छ", अर्थमन्त्री महतले भन्नुभयो ।

नेपालले अनुदान र सहुलियतपूर्ण ऋणलाई बढी प्राथमिकता दिनेबारे ती विकास साझेदारलाई आफुले जानकारी गराएको पनि मन्त्री महतको भनाइ छ । "उहाँहरूले अझै धेरै सहयोग गर्न चाहेको बताइरहँदा हामीले पनि अनुदान र सहुलियतपूर्ण ऋणलाई प्राथमिकतामा राख्ने भनेका छौं, यसमा उहाँहरू पनि सहमत हुनुहुन्छ", उहाँले भन्नुभयो ।

नेपालको समग्र आर्थिक अवस्था सुधारका लागि सरकारले चाल्ने कदमबारे पनि विश्व बैंक र एडिबीले चासो देखाएका छन् । तात्कालिन आर्थिक समस्या र सरकारको प्राथमिकताबारे अर्थमन्त्रीसँग चासो राखेका थिए । अर्थतन्त्रमा देखिएका समस्या समाधान र मुख्यगरी खर्च गर्ने क्षमतामा देखिएको समस्यालाई बिस्तारै हटाउँदै जानेबारे प्रतिवद्ध रहेको अर्थमन्त्री महतले बताउनुभयो ।

अर्थमन्त्रीका रूपमा कार्यभार सम्हालेलगत्तै महतले नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्ड, निजी क्षेत्रका छाता सङ्गठनहरू, विकास साझेदारलगायत क्षेत्रसँग परामर्श थाल्नुभएको छ । तात्कालिन अवस्थामा अर्थतन्त्रमा खस्किएको मनोबल उकास्नु आफ्नो पहिलो काम हुने पनि उहाँले बताउँदै आउनुभएको छ ।

# हुलाकी सडक निर्माण : सकियो समय, सकिएन काम

महेन्द्रनगर, २२ चैत (रासस) ।

तीस महिनामा सक्नुपर्ने हुलाकी सडकको निर्माण कञ्चनपुरमा ६ वर्ष वितिसक्दा पनि सम्पन्न हुनसकेको छैन् । कञ्चनपुरको डोकेबजारदेखि बेदकोटको दैजीसम्मको ६२ किलोमिटर हुलाकी सडक २०७३ फागुनमा सम्झौता भई काम थालिएको भए पनि अझै २६ किलोमिटर सडक कालोपत्र गर्न बाँकी रहेको छ ।

हुलाकी राजमार्ग योजना कार्यालयका इञ्जिनीयर दीपक सुनारले निर्माण व्यवसायीले उक्त कामलाई प्राथमिकतामा नराख्न निर्माणमा ढिलासुस्ती भएको बताउनुभयो । "पहिलो कोरोना कहर, निकुञ्ज क्षेत्रमा स्वीकृति लगायतका कारणले ढिलाइ भयो ।" उहाँले भन्नुभयो,"पाँचौं पटक काम गर्न म्याद थप गर्दा पनि पूरा भएको छैन् ।"हुलाकी सडकको ६२ किलोमिटर सडक तीन वटा प्याकेजमा ठेक्का दिएर काम थालिएको थियो । डोकेबजारदेखि बेलौरीसम्मको पहिलो प्याकेजको २० किलोमिटरमा ९० प्रतिशत काम सम्पन्न भए पनि अन्य दुई प्याकेजमा काम उस्तै छ ।

पहिलो प्याकेजको निर्माण रु ३६ करोड ४७ लाखमा शर्मा-राजेन्द्र जेभीले निर्माणको जिम्मा पाएको थियो । "पहिलो प्याकेजको निर्माण अवधि सकिएसँगै काम पनि अन्तिम अन्तिमतिर छ ।" इञ्जिनीयर सुनारले भन्नुभयो,"तेस्रो प्याकेजमा काम भइरहे पनि दोस्रोमा स्थगन जस्तै छ ।"
त्यसैगरी बेलौरीदेखि बेल्डाडीसम्मको दोस्रो २० किलोमिटर प्याकेजको लागत रु ४१ करोड ४१ लाख छ ।

उक्त प्याकेजमा हालसम्मक साढे नौ किलोमिटर सडक मात्रै कालोपत्र भएको हुलाकी सडक योजना कार्यालयले जनाएको छ । सोही प्याकेजको चुँइ क्षेत्रमा भारतीय सुरक्षा निकायले सडक भारतमा पर्ने दाबीसहित केही भागमा कालोपत्र गर्न असहमति जनाउँदै आएको छ ।

दोस्रो प्याकेज निर्माणको जिम्मा पाएको बाबा हंस-सिद्धीसाई जेभीले पाँच पटक म्याद थप भइसक्दा मुस्किलले ५० प्रतिशत काम सकेको छ । त्यसैगरी हुलाकी सडकको अन्तिम प्याकेज (बेल्डाडी-दैजी) २२ किलोमिटर सडकमा ६ वर्षको अवधिमा साढे आठ किलोमिटर सडक मात्रै कालोपत्र भएको इञ्जिनीयर सुनारले जानकारी दिनुभयो । "दोस्रो र तेस्रो प्याकेजको कामसक्ने समय आगामी असार मसान्तसम्म तोकिएको छ ।" इञ्जिनीयर सुनारले भन्नुभयो-"६ वर्षको अवधिमा जम्मा ३६ किलोमिटर मात्रै सडक कालोपत्र भयो ।"निर्माण व्यवसायीले सम्झौता अनुसार निर्धारित समयभित्रै कार्य पूरा नगर्दा सडक निर्माणको कार्य निकै ढिलाइ भएको हो । निर्माणाधीन सडकमापर्ने स्थानीय पालिका र स्थानीयवासीले समयमा निर्माणसक्न पटक-पटक दबाब दिँदै आएका छन् ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# सत्तागठबन्धनका उम्मेदवारलाई विजयी गराउन आह्वान

काठमाडौँ, २२ चैत (रासस) ।

सत्तागठबन्धनका दलहरूले आगामी बैशाख १० गते हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा आफ्ना आधिकारीक उम्मेदवारलाई बिजयी गराउन आह्वान गरेका छन् ।

गठबन्धन दलका शीर्ष नेताहरूले मंगलबार एक विज्ञप्तिमार्फत गठबन्धनमा रहेका दलका सम्बन्धित प्रदेश, जिल्ला र उप-निर्वाचन हुने प्रतिनिधिसभा क्षेत्रसँग आवश्यक समन्वय गरी आफ्ना उम्मेदवारलाई बिजयी गराउनका लागि सम्पूर्ण पार्टी पङ्क्तिलाई व्यापकरुपमा परिचालन गर्ने आह्वान गर्नुभएको हो । यसका लागि गठबन्धन दलका पार्टीका सदस्य, भ्रातृ एवं शुभेच्छुक सङ्घ, संस्था/सङ्गठनका सदस्य तथा शुभचिन्तक सबैको सक्रिय योगदानका लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नसमेत आग्रह गरिएको छ ।

गठबन्धन दलका तर्फबाट तनहुँ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका गोविन्द भट्टराई, चितवन निर्वाचन क्षेत्र नं २ मा कांग्रेसका जीतनारायण श्रेष्ठ र बारा निर्वाचन क्षेत्र नं २ मा जनता समाजवादी पार्टी, नेपालका उपेन्द्र यादवको उम्मेदवारी दर्ता भइसकेको छ ।

गठबन्धन दलका

बाँकी तीन पृष्ठमा

# आर्थिक वृद्धिदर ४.१ र मुद्रास्फीति ७.४ प्रतिशत रहने

काठमाडौँ, २२ चैत (रासस)।

एसियाली विकास बैंक (एडिबी) ले सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव एक प्रतिशतमा खुम्चने र मुद्रास्फीति सात दशमलव चार प्रतिशतसम्म पुग्ने प्रक्षेपण सार्वजनिक गरेको छ।"एसियन डेभलपमेन्ट आउटलुक, अप्रिल २०२३" प्रतिवेदनमार्फत् एडिबीले यस्तो प्रक्षेपण सार्वजनिक गरेको हो।

सन् २०२२ मा पाँच दशमलव आठ प्रतिशत अनुमान गरिएको नेपालको आर्थिक वृद्धिदर यसवर्ष थप खस्किने प्रक्षेपण गरिएको हो।"कसिलो मौद्रिक नीति, घट्दो आन्तरिक बजार माग, अपर्याप्त कोभिड महामारी पुनरुत्थानका कार्यक्रम र विश्वव्यापी रूपमा देखिएका समस्याको असर नेपालको कूल गार्हस्थ्य उत्पादनको वृद्धिदरमा देखिनेछ", एडिबीले भनेको छ।

नेपालको पर्यटन क्षेत्र र रेमिटचान्स आप्रवाहमा विश्वव्यापी आर्थिक मन्दिको प्रत्यक्ष असर देखिनसक्ने एडिबीले जनाएको छ। त्यस्तै, पुँजीगत खर्च बढ्न नसक्नु, नतिजा केन्द्रित लगानी योजना नहुनु, वित्तीय व्यवस्थापनमा समस्या हुनु र आयोजना कार्यान्वयनका लागि पूर्वतयारीका काममा धेरै समय लाग्नुलाई न्यून आर्थिक वृद्धिदरको कारणका रूपमा देखाइएको छ।

नेपालको अर्थतन्त्रमा बढी योगदान भएका कृषि, सेवा, उद्योग क्षेत्रलगायतको वृद्धिदरमा यसवर्ष गिरावट आउने अनुमान एडिबीको छ। "सन् २०२२ मा दुई दशमलव तीन प्रतिशत अनुमान गरिएको नेपालको कृषि क्षेत्रको वृद्धिदर यसवर्ष दुई प्रतिशतमा खुम्चिनेछ। त्यस्तै, सेवा क्षेत्र चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण छ", एडिबीको प्रतिवेदनमा भनिएको छ। सन् २०२२ मा सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव नौ प्रतिशत अनुमान गरिएकोमा यसवर्ष एक दशमलव पाँच प्रतिशत विन्दुले घट्ने प्रक्षेपण गरिएको हो।उच्च ब्याजदर, केही वस्तुमा आयात प्रतिबन्धको नीति, गार्हस्थ्य खपतमा गिरावट र बाह्य वस्तुको उपभोगका कारण औद्योगिक क्षेत्रको वृद्धिदर खुम्चने अनुमान एडिबीको छ।

त्यस्तै घरजग्गा कारोबार र खुद्रा व्यापार क्षेत्रले अर्थतन्त्रमा पुऱ्याउने योगदानको वृद्धिदर पनि घट्ने अनुमान छ।सन् २०२३ मा नेपालले उच्च मूल्यवृद्धिको सामना गर्नुपर्ने अनुमान एडिबीको छ। यसवर्ष मूल्यवृद्धि सात दशमलव चार प्रतिशतसम्म पुग्ने अनुमान छ। सन् २०२२ मा नेपालको मूल्यवृद्धि छ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको थियो। तर अर्कोवर्ष अर्थात् सन् २०२४ मा भने नेपालको मुद्रास्फीति केही नियन्त्रणमा आएर छ दशमलव दुई प्रतिशतमा कायम रहने अनुमान गरिएको छ। त्यस्तै, यसवर्ष सरकारको चालु खाता घाटा चार प्रतिशतले खुम्चने अनुमान गरिएको छ।

एडिबीले सन् २०२३ मा एसियाली मुलुकको औसत आर्थिक वृद्धिदर चार दशमलव आठ प्रतिशत र औसत मुद्रास्फीति चार दशमलव दुई प्रतिशत रहने अनुमान गरेको छ।केही समयअघि मात्र विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर एक दशमलव सात प्रतिशतमा खुम्चने जनाएको थियो। उक्त प्रतिवेदनले नेपालको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०२२/२३ मा पाँच दशमलव एक र २०२३/२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण गरेको थियो।

### सत्तागठबन्धनका...

आधिकारिक उम्मेदवारलाई विजयी गराई निर्वाचनलाई परिणाममुखी बनाउन गठबन्धन दलका पार्टी पङ्क्ति एकीकृतरुपमा परिचालित हुन आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले हस्ताक्षर गर्नुभएको छ।


राजविराज नगरपालिका
८ नं. वार्ड कार्यालय
राजविराज, सप्तरी
२ नं.प्रदेश, नेपाल

पत्र संख्या: ०७९/०८०
चलानी नम्बर: ६६५
मितिः २०७९/१२/२०

सुचना सुचना सुचना

उपरोक्त सम्वधमा जिल्ला सप्तरी साविक गा.बि.स त्रिकोल वडा नं २हाल रा.बि.न.पा.वडा नं.५ हाल परिवर्तित वडा नं ८ बस्ने मिथी लाल यादव को बुहारी तारानन्द यादव को पत्नी उर्मिला देवी यादव ले यस वडा कार्यालयमा उपस्थित भई मेरो पति को मित्यु मिति २०७०/११/२० गते आफ्नो कालगती ले भएको हो निज मृतक को सबैभन्दा नजिक नातेदार हक आपुताली खाने एक मात्र पत्नी उर्मिला देवी यादव रहेको तपसिल खण्डमा उल्लेखित जग्गा मेरो नाममा डा.खा.दर्ता नामसारी गरि पाउ भंनी यस वडा कार्यालयमा द.नं. ४५० मा निवेदन पर्ने आएको हुदा यो सुचना प्रकाशित भएको मिति ले ३५दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्ने आउनु होला। अन्यथा यो सुचना म्याद समाप्त भई गए मा पछि कोही कसैको कुनै उजुरी लाग्ने छैन भनि स्थानीय सरकार संचालन ऐन मालपोत को नाममा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

| जिल्ला | गा.बि.स/न.पा. | वडा नं. | कि.नं. | क्षे |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ५क | १४८७ | ०-१-० |

जय नारायण मण्डल
वडा अध्यक्ष



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको ढिल र साईडमा भएका भारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना**:१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राख्ने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहुँको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी
मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध चौतिस वटा गम्भीर अपराधका अभियोग

न्युयोर्क, २२ चैत (रासस/एपी)।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध अश्लिल चलचित्रकी नायिकासँगको यौनसम्बन्ध दबाउन भारी रकम भुक्तानी गरेको, झूटा व्यावसायिक विवरण तयार पारेकोलगायत ३४ वटा गम्भीर अपराधका अभियोग लगाइएको छ। न्युयोर्कको एक अदालतले सन् २०१६ मा भएका ती घटनालाई लिएर मङ्गलबार पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध ती अभियोग लगाएको हो। अदालतमा उपस्थित उहाँले ती अभियोगमा आफू दोषी नरहेको दाबी गर्नुभएको छ। सन् २०१६ को राष्ट्रपतीय निर्वाचनअघि अश्लिल चलचित्रकी नायिक स्टोर्मी डेनियलसँग यौनसम्पर्क गरेको र त्यसलाई दबाउन राष्ट्रपतिका प्रत्यासी ट्रम्पले उनलाई एक लाख ३० हजार अमेरिकी डलर दिएको अभियोग लगाइएको छ। डेनियलले आफूसँग सन् २००६ मा ट्रम्पले यौन सम्बन्ध कायम गरेको र त्यसलाई गोप्य राख्न रकम दिएको दाबी गरेकी छन्। अमेरिकाको इतिहासमा फौजदारी अपराधको मुद्दा खेप्ने पहिलो पूर्वराष्ट्रपति उहाँको औँठा छापमात्र लिइएको थियो। उहाँका कानुन व्यवसायीले विश्व प्रख्यात उहाँको अनुहारको तस्बिर लिन आवश्यक नभएको बताएका थिए। अभियोजकहरूले पनि उहाँको तस्बिर नलिई ट्रम्पलाई अदालतमा प्रस्तुत गरेका थिए। उहाँलाई हत्कडी पनि लगाइएको थिएन। अदालतमा उहाँ आफ्ना कानुन व्यवसायीसँगै बस्नुभएको थियो। अदालतमा उहाँ शान्त तर गम्भीर देखिनुहुन्थ्यो। करिब एक घण्टाको सुनुवाईपछि उहाँ अदालतबाट बाहिरिनुभएको थियो।

अदालतबाट बाहिरिने बित्तिकै ट्रम्प फ्लोरिडा फर्कनुभएको छ। उहाँ अदालतबाट बाहिरिँदा उहाँका समर्थकले उहाँमाथि लगाइएका अभियोग र मुद्दा देशको अपमान भएको टिप्पणी गरेका थिए। आफूमाथिको मुद्दा राजनीतिकरूपमा प्रेरित भएको भन्दै उहाँले न्यायाधीश र अभियोजकको पनि आलोचना गर्नुभयो। बिना प्रमाण आफूमाथि दोष लगाइएको दाबी पनि उहाँले गर्नुभयो। "अमेरिकामा यस्तो हुनसक्छ भन्ने मैले कहिल्यै कल्पना पनि गरेको थिइँन। आगामी राष्ट्रपतीय चुनावलाई प्रभावित पार्न यो झूटा मुद्दा लगाइएको हो। यो तत्काल खारेज हुनुपर्छ," उहाँले भन्नुभयो। न्यायाधीश जुआन मर्चनले उहाँमाथि कुनै आदेश जारी नगरे पनि दुवै पक्षलाई संयमित भएर शिष्ट भाषामा ध्यान आग्रह गर्नुभयो। उहाँले आफूमाथि लगाइएको मुद्दाविरुद्धको आगामी अगष्टसम्ममा प्रस्ताव पेश गर्नुपर्नेछ। अदालतको अर्को सुनुवाई डिसेम्बरमा हुनेछ। पूर्वराष्ट्रपति ट्रम्पमाथि थप मुद्दा पनि लाग्नसक्ने सम्भावना छ। उहाँमाथि जर्जिया राज्यमा सन् २०२० को राष्ट्रपतीय निर्वाचनको नतिजामा हस्तक्षेपको प्रयास गरेको तथा अमेरिकी संसदमा जनवरी ६ मा दङ्गा गराएको सम्बन्धमा पनि अनुसन्धान भइरहेको छ। साथै उहाँको फ्लोरिडास्थित घरमा फेला परेका गोप्य दस्तावेजलाई लिएर पनि थप मुद्दा लाग्नसक्ने बताइएको छ।

### अल अक्सा मस्जिदबाट तीन सय पचासभन्दा बढी पक्राउ

जेरुसेलम, २२ चैत (रासस/एएफपी)।

पूर्वीजेरुसेलमको पुरानो शहरस्थित अल अक्सा मस्जिदभित्र हिंसात्मक गतिविधिमा सङ्लग्न भएको आरोपमा तीन सय ५० जनाभन्दा बढीलाई पक्राउ गरिएको छ। मास्क लगाएर मस्जिदभित्र ढुङ्गामुढा गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको इजरायली प्रहरीले एक विज्ञप्ति निकालेर जनाएको छ। हातमा लाठी लिएका उनीहरूले कानुन उल्लङ्घन गरेका र विष्फोटक सामग्रीसमेत बोकेका प्रहरी प्रवक्ताले बताएका छन्। मस्जिदको शान्तिसुव्यवस्था कायम गर्न बाध्य भई प्रहरी त्यहाँ प्रवेश गरेको उनले स्पष्ट गरेका छन्। नमाज पढ्न बसेका श्रद्धालुलाई लक्ष्य गरेर मस्जिदमा आक्रमणको प्रयास भएको हुनसक्ने भन्दै उनले हिंसा भड्किन नदिन तत्काल कारवाही गरिएको बताएका छन्। जेरुसेलममा रहेका एएफपीका पत्रकारले अल अक्सा मस्जिदभित्र बुधबार बिहानैदेखि झडप भएको बताएका छन्। मस्जिदमा प्यालेस्टिनी समूह हमासका कार्यकर्ताले आक्रमण गरेका उनीहरूले जनाएका छन्। हमासले आफ्ना कार्यकर्तालाई मस्जिदमा सामूहिकरूपमा उपस्थित हुन आह्वान पनि गरेको थियो। रमजानको पवित्र महिनामा हजारौँ भक्तजन प्रार्थनाका निम्ति अक्सामा आउने गर्छन्। अल अक्सामा झडप भएपछि उत्तरी गाजापट्टीबाट इजरायली क्षेत्रतर्फ धेरै रकेट प्रहार भएका थिए। इजरायली सेनाले गाजापट्टीबाट प्रहार भएका पाँचवटा रकेटलाई देशको हवाई रक्षा प्रणालीले रोकेको र अन्य चारवटा निर्जन स्थानमा खसेका जनाएको छ।

### वैशाख १२ गतेदेखि केदारनाथ मन्दिर खुल्ने

देहरादून, २२ चैत (रासस/एएनआई)।

आगामी वैशाख १२ गतेदेखि केदारनाथ धाम भक्तजनका लागि खुला गरिने भएको छ। उत्तराखण्ड राज्यको पर्यटन विभागका अनुसार तीर्थयात्रीको सुविधालाई दृष्टिगत गरी भारतीय रेलवे र पर्यटन निगमलाई अनलाइन बुकिङको अनुमति दिइएको छ। उत्तराखण्ड पर्यटन विकास परिषद्ले गत महिनाको प्रारम्भमा नै आगामी चारधाम तीर्थयात्राका लागि छ लाख ३४ हजार भक्तजन दर्ता भइसकेका जनाएको छ। सरकारी अधिकारीहरूले हिँडेर वा हेलिकप्टरबाट पनि केदारनाथ मन्दिरको यात्रा गर्न सकिने बताएका छन्।

परिषद्का अनुसार केदारनाथ यात्राका लागि दुई लाख ४१ हजार र बद्रीनाथका निम्ति दुई लाख एक हजार, यमनोत्री जान ९५ हजार एक सय सात जना र गङ्गोत्रीको यात्राका निम्ति ९६ हजार चार सय ४९ जनाले आवश्यक प्रक्रिया पूरा गरेका छन्। उत्तरखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले तीर्थयात्रीको स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै विभिन्न स्थानमा स्वास्थ्यकर्मीको टोली खटाइने बताउनुभएको छ। यात्रा मार्गका ठाउँठाउँमा भक्तहरूको स्वास्थ्य परीक्षण गरिने उहाँले बताउनुभएको छ। यसैबीच, रुद्रप्रयाग जिल्ला प्रशासनले चारधाम यात्रामा आउने श्रद्धालुको सुविधाका निम्ति विभिन्न शिविर स्थापनालगायत आवश्यक तयारी गरिरहेको छ। उत्तराखण्डको चारधाम यात्रा भारतको सबैभन्दा लोकप्रिय हिन्दू तीर्थस्थल मानिन्छ।

# सिँचाइ मिटरको महसुल नगरपालिकाले भुक्तानी गर्ने

गोलबजार, २२ चैत (रासस)।

सिराहाको धनगढीमाई नगरपालिकाले कृषकको सिँचाइ मिटरको बिल भुक्तानी गर्ने भएको छ। नगरपालिकाले सूचना जारी गर्दै चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुरुप बिल भुक्तानी गर्न लागेको जनाएको छ।

किसानलाई प्रोत्साहन गर्न तथा कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने उद्देश्यले 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' अन्तर्गत नगरपालिकाले सिँचाइका विद्युत् महसुल भुक्तानी गर्ने धनगढीमाई नगरपालिका नगरप्रमुख शिवशङ्कर महतोले जानकारी दिनुभयो। नगरपालिकाले निःशुल्क बिजुली उपलब्ध गराउने भएपछि यहाँका कृषक खुसी भएका छन्।

धनगढी-१ का किसान बेचनीकुमारी यादव उत्पादनको मूल्य नपाएको तथा मल र बीउ समयमै प्राप्त गर्न नसकेको नगरपालिकाले महसुल तिर्ने कार्यक्रमबाट राहत मिलेको बताउनुभयो। "सिँचाइ गर्न डिजेलपम्प चलाउँदा मर्कामा परेका थियौँ, निःशुल्क विद्युत् उपलब्ध गराउँदा राहत पाइने भयो", उहाँले भन्नुभयो।

धनगढीमाई नगरपालिकाले सुरु गरको 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमूना भएको स्थानीय श्याम यादवले बताउनुभयो। यसबाट कृषक खेतीतर्फ आकर्षित हुने उहाँको भनाइ छ।

असार मसान्तसम्मको महसुल कृषक आफैंले र साउनदेखिको सिँचाइ महसुल नगरपालिकाले तिर्ने धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सिँचाइमा अनुदान दिए, कृषि क्षेत्र विस्तार भएमा कृषि उत्पादन बढ्ने र किसानको आर्थिक अवस्थामा पनि सुधार आउने छ।"

कृषि मिटरको महसुल भुक्तानीका लागि आगामी वैशाख ४ गतेभित्र निवेदन, नगरिकता प्रमाणपत्रको प्रतिलिपि, २०७९ असारसम्मको भुक्तानी गरेको बिजुलीको सक्कली रसिद तथा २०७९ साउनदेखिको भुक्तानी दिन बाँकी सक्कली बिल र वडा कार्यालयको सिफारिसपत्र कृषि विकास शाखामा पेस गर्नुपर्ने छ।

# उपनिर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्च निर्धारण

काठमाडौं, २२ चैत (रासस)।

निर्वाचन आयोगले आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि उम्मेदवारले खर्च गर्न पाउने अधिकतम हद (सीमा) निर्धारण गरेको छ।

आयोगको बुधबार बसेको बैठकले उपनिर्वाचनका लागि गत असोज ३१ को नेपाल राजपत्रमा तोकिए बमोजिम नै हुने गरी चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ तथा बारा जिल्ला निर्वाचन क्षेत्र नं २ का लागि रु २९ लाख र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ का लागि रु ३१ लाख खर्च गर्न पउने गरी सीमा निर्धारण गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

आयोगले तोकेको खर्चको हदभित्र रही निर्वाचनमा खर्च गर्न र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिमार्फत निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पेस गर्नसमेत आयोगले भनेको छ।

# थ्रेसर जडान ट्याक्टर पल्टिदा सहचालक घाइते

**दैनिक समाचारदाता**
**राजबिराज, २२ चैत।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ३ हटेलमा थ्रेसर जडान ट्याक्टर पल्टिदा सहचालक घाइते भएका छन्।

खेतमा गहु दाउन गर्न जादै गरेको स.१त.१८४१ नं. को थ्रेसर जडान ट्याक्टर अनियन्त्रित भई पल्टिदा थ्रेसरमा सवार सहचालक स्थानिय ३५ वर्षिय फागु सदा घाइते भएका छन्।

उनको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भइरहेको तथा ट्याक्टर चालक स्थानिय ४० वर्षिय अरुण कुमार साह रौनियार उपचारमा संलग्न रहेको तथा ट्याक्टरसहित थ्रेसर प्रहरीले नियन्त्रणममा लिई घटना बारे अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**कंचनरुप नगरपालिका, सप्तरी**

# पूर्वाधार विकास कार्यालय अगाडीबाट मोटरसाइकल चोरी

**दैनिक समाचारदाता**
**राजबिराज, २२ चैत।**

राजबिराजस्थित पूर्वाधार बिकास कार्यालय अगाडीबाट मंगलबार एक मोटरसाइकल चोरी भएको छ।

सो कार्यालय अगाडी पार्किङ गरि राखेको प्र.१-०४-००१प.८९७२ नम्बरको टिभिएस कम्पनीको आर.टि.आर १६० ४ भि. मोडेलको कालो रंगको अपाचे मोटरसाइकल चोरी भएको हो।

यता मोटरसाइकल चोरी भएको बिषयमा सवारीधनी रामेशवर प्रसाद यादवले जिल्ला प्रहरी कार्यालयमा निबदेन दिएको तथा घटना बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।
➢ सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
➢ सेवाग्राहीले सहज र सरलरुपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
➢ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं।
➢ सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*